**Sarita Smith**
कार्यकारी निर्देशक

**डा. Devon Q. Horton**
सुपरिवेक्षक

जुन 06, 2025

DeKalb County School District का आदरणीय परिवारजनहरू,

डिसेम्बर 12, 2024 देखि सुरु हुने गरी 2025-2026 शैक्षिक वर्षका लागि दर्ता सबै नयाँ र फर्कने विद्यार्थीका लागि खुला गरिएको छ। दर्ता जारी रहने छ। **सबै परिवारका लागि Infinite Campus मार्फत अनलाइन दर्ता आवश्यक छ।** सहयोग आवश्यक छ भने, तपाईंले हामीलाई 678.676.0998८ मा सम्पर्क गर्न सक्नुहुन्छ वा हाम्रो दर्ता केन्द्रहरू मध्ये एकमा जान सक्नुहुन्छ। अपोइन्टमेन्टका लागि समय निर्धारण गर्न यहाँ क्लिक गर्नुहोस्।

गर्मीको दर्ता हबहरू तलका स्थानहरूमा खुल्ने छन्:

- John Lewis Elementary School (जुन 9 – 12 र जुलाई 21 – 24 बाट बिहान 8:00 बजेदेखि 3:30 बजेसम्म)
  - शनिवार, जुन 14, 2025, बिहान 9:00बजेदेखि – दिउँसो 1:00बजेसम्म)
- Martin Luther King High School (जुन 9 – 12 र जुलाई 21 – 24 बाट बिहान 8:00 बजेदेखि दिउँसो 3:30 बजेसम्म)
  - शनिवार, जुन 14, 2025, बिहान 9:00बजेदेखि – दिउँसो 1:00बजेसम्म)
- McNair Middle School (जुन 23 – 26 र जुलाई 28 – 31बाट बिहान 8:00 बजेदेखि दिउँसो 3:30 बजेसम्म)
- Smoke Rise Elementary School (जुन 23 – 26 र जुलाई 28 – 31 बाट बिहान 8:00 बजेदेखि दिउँसो 3:30 बजेसम्म)

यस वर्ष, नयाँ र फर्केका सबै परिवारलाई हाम्रो आवासीय प्रमाणीकरण प्रणालीबाट जानु अनिवार्य हुने छ। पहिले, निवास प्रमाणपत्र प्रत्येक स्थानीय विद्यालयमा म्यानुअल रूपमा जाँच गरिन्थ्यो। तर, हामी डिस्ट्रिक्ट-व्यापी दक्षता बढाउन र अपेक्षाहरूलाई सरल बनाउन CLEAR नामक प्रणालीमा स्थानान्तरण गर्दै छौं। CLEAR प्रक्रियाले अनलाइन दर्ता र वार्षिक प्रमाणीकरण प्रक्रियाको क्रममा परिवारहरूले पेश गरेको अभिभावकसम्बन्धी जानकारीको प्रमाणीकरण गर्दछ। यस सफ्टवेयरका बारेमा थप जानकारी यहाँ क्लिक गरेर पाउन सकिन्छ।

DeKalb County School District ले डिस्ट्रिक्टको सीमाहरूभित्र बसोबासको निर्धारण गर्न सहयोग गर्न क्लियर (CLEAR) पृष्ठभुमि जाँच सेवाहरूको उपयोग गर्दै एक वस्तुनिष्ठ र निष्पक्ष पद्धति प्रयोग गर्ने छ। CLEAR पृष्ठभुमि जाँच प्रक्रियाले DeKalb County School District मा विद्यार्थी दर्ता गर्न खोज्ने सबै परिवारको आवासीय प्रमाणिकरणमा सहयोग गर्न सार्वजनिक अभिलेखहरूमा पहुँच गर्नका लागि प्रारम्भिक चरणमा केवल आमाबुवाको नाम र घरको ठेगाना प्रयोग गर्दछ।

CLEAR ले स्थापित मापदण्ड पुरा नगर्ने वा प्रशासनिक समीक्षाका लागि तोकिएका परिवारहरूलाई **जुलाई 1, 2025 अघि लिखित रूपमा सुचित गरिने छ।** सूचनाभित्र, उहाँहरूलाई विद्यालयको पहिलो दिन, **अगस्ट 4 2025 अघि निवास प्रमाणिकरण पुरा गर्न आवश्यक सबै आवश्यकताको जानकारी दिइने छ।**

तपाईंसँग कुनै प्रश्न छ भने कृपया registration@dekalbschoolsga.orgमा सम्पर्क गर्नुहोस् ।

विद्यार्थीको असाइनमेन्ट कार्यालय
DeKalb County School District